जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६७ • २०८३ साल मंसिर ४ गते शुक्रबार (20 November, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालन स्वीकृति

टुडे समाचारदाता

जनकपुरधाम । नेपालको धार्मिक सांस्कृतिक नगरी जनकपुरधाम र भारतको धार्मिक नगरी अयोध्याधामसम्म रेल सेवा सञ्चालन हुने भएको छ ।

जनकपुरधामदेखि अयोध्याधाम क्यान्टसम्म साप्ताहिक एक्सप्रेस रेल सेवा सञ्चालनका लागि भारतीय रेल मन्त्रालयले स्वीकृति प्रदान गरेसँगै रेल सञ्चालन हुने भएको छ ।

भारतको रेल मन्त्रालयले नोभेम्बर १४ मा सार्वजनिक गरेको जानकारी अनुसार रेल सेवा सातामा एक दिन सञ्चालन हुने बताइएको छ ।

करिब ६०४ किलोमिटर दूरी तय गर्ने सो रेल सेवाले माता जानकीको जन्मभूमि जनकपुरधाम र भगवान् रामको जन्मभूमि अयोध्यालाई प्रत्यक्ष रेलमार्गबाट जोड्ने भएको छ ।

स्वीकृत समयतालिका अनुसार रेल नम्बर १५५९५ प्रत्येक शनिबार दिउँसो १ बजेर १० मिनेटमा जनकपुरधामबाट प्रस्थान गरी आइतबार बिहान ८ बजेर १० मिनेटमा अयोध्याधामको क्यान्ट पुग्नेछ ।

त्यसैगरी, रेल नम्बर १५५९६ प्रत्येक सोमबार साँझ ५ बजेर ५० मिनेटमा अयोध्या क्यान्टबाट प्रस्थान गरी मंगलबार दिउँसो १२ बजेर ४० मिनेटमा जनकपुरधाम आइपुग्ने जनाइएको छ ।

रेलले भारतको बिहार र उत्तर प्रदेशका विभिन्न प्रमुख शहर तथा स्टेसन हुँदै यात्रा गर्नेछ ।

यस क्रममा जयनगर, मधुबनी, शिशो, सीतामढी, रक्सौल, नरकटियागन्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्या धाममा व्यावसायिक बिसौनी रहने भारतीय रेल मन्त्रालयले जनाएको छ ।

जनकपुरधामलाई माता सीताको जन्मभूमि तथा अयोध्यालाई भगवान् श्रीरामको जन्मभूमिका रूपमा लिइन्छ । यी दुई धार्मिक नगरीबीच सिधा रेल सम्पर्क स्थापित हुनुले रामायण सर्किट अन्तर्गत धार्मिक पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

सरकार बनाउन जुटेन सहमति

आज सहमति नभए धारा १६८'३'को प्रक्रियामा जाने

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा संविधानको धारा १६८ को दफा २ अनुसार सरकार बन्ने सहमति दलहरुबीच बिहीबारसम्म हुन सकेको छैन ।

नेपाली कांग्रेस संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभामा बहुमत प्राप्त गर्ने सम्भावना नदेखिएपछि गत शनिवार राजीनामा दिएका थिए ।

त्यसपछि प्रदेश प्रमुख सुरेन्द्र लाभले मंसिर ४ गते ४ बजे सम्म २ वा २ भन्दा बढी दललाई सरकार बनाउन आह्वान गरे । प्रदेश प्रमुख लाभले सरकार गठनका लागि दिएको समय सीमा सकिन अब २० घण्टा भन्दापनि कम समय रहेको छ ।

कांग्रेसका मुख्यमन्त्री यादवलाई एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले दिएको समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिएसँगै मुख्यमन्त्री अल्पमतमा परेको थियो ।

कांग्रेसले जनता समाजवादी पार्टी(जसपा) नेपाल र जनमत पार्टीलाई सरकारबाट हटाएर एमाले र नेकपासित गठबन्धन गरेको थियो । कांग्रेसले जसपा र जनमतका मन्त्रीहरुलाई बर्खास्त गरेको थियो ।

एमाले र नेकपाले कांग्रेसको साथ छाडेर जसपा नेपालको नेतृत्वमा सरकार गठन गर्न सहमत भएका थिए । ती दुबै दल जसपासित सहमति गरेपछि मात्र सरकारबाट बाहिरिएको थियो । उच्च स्रोतहरुका अनुसार एमाले र नेकपाले अझै पनि जसपा नेपालका संसदीय दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्री बनाउन प्रतिबद्ध छ । तर कांग्रेसले एमाले संसदीय दलका नेता सरोज कुमार यादवको नेतृत्वमा सरकार बनाउन लविंग शुरु गरेको छ ।



नेकपाका एकजना सांसदले जनाए अनुसार चार दलबीच सरकार बनाउन छलफल भए पनि कुनै निस्कर्षमा पुगिएको छैन । 'एमाले र नेकपा एक ठाउँमा रहेपनि जसपा अथवा कांग्रेसको समर्थन बिना सरकार बन्दैन्' उनले भने, सरकार बनाउन कांग्रेस र जसपा मध्ये एउटा दलसित सहमति हुनुपर्छ ।

जसपा नेपालको नेतृत्वमा सरकारमा सहभागि हुन एमाले, नेकपापनि तयार छ । कांग्रेस पार्टी पनि जसपा नेपाल नेतृत्वको सरकारमा जान सहमत छ । कांग्रेसले एमालेको नेतृत्वलाई समेत स्वीकार गर्न तयार छ । तर एमालेले हालसम्म कांग्रेसको नेतृत्वमा सरकार बनाउन तयार छैन । एमालेका केही नेताहरुले कांग्रेसको समर्थन लिएर सरकार बनाउने दौडधुपमा रहे पनि पार्टी अध्यक्ष केपी शर्मा ओलीको 'लाइन' जसपाका सरोज कुमार यादव तर्फ प्रष्ट छ ।

अन्य दलहरुबीच सहमति हुन सकेको छैन । तर दुई तर्फी समर्थन जसपा नेपाललाई छ । जसपाले संविधानको धारा १६८ को उपधारा ३ टेकेर सरकार बनाउने पक्षमा छ । त्यसमा एमाले सहमत छैन् ।एमालेले १६८को २ बमोजिम सरकार बनाए मात्र जसपालाई समर्थन गर्ने वचन दिएको छ ।

मधेशी दललाई छाडेर पुरानै गठबन्धनमा मुख्यमन्त्री फेरेर सरकार बनाउने सम्भावना पनि बलियो छ । हुन त केहिले एमालेको समर्थन कांग्रेसलाई नहुने तर्क दिइरहेका छन् । तर कांग्रेसले नै एमालेलाई समर्थन दिएर उपधारा २ अनुसार सरकार बनाए अप्रत्याशित हुने छैन ।

सबै दलहरु सरकार बनाउने गणितात्मक हिसाबमा जुटेका छन् । एमालेका एक महिना मात्र मुख्यमन्त्री बनेका सरोज कुमार यादवले आफू माथि लाग्ने गरेको आरोपलाई हटाउन चाहेका छन् । उनले धेरै समय नभएपनि केहि महिनाका लागि पनि मुख्यमन्त्रीका लागि प्रयास गरिरहेको बताइन्छ । यद्यपि यसको उनले स्वयम् पुष्टि गरेका छैनन् ।

मधेश प्रदेश सभामा जसपा नेपालको २८ जना, एमालेको २३ जना, कांग्रेसको २२ जना, नेकपाको १५ जना र जनमत पार्टीको १२ जना सांसद छन् । १/१ जना दुई दलका सांसद छन् । सरकार गठनका लागि जसपा, एमाले र नेकपाबीच सहमति भए ६६ जना सहितको बहुमत हुनेछ । जसपा, कांग्रेस र जनमत पार्टीले सरकार बनाए ६२ जना सांसद सहितको बहुमत हुनेछ ।

स्रोतका अनुसार जसपाका अध्यक्ष उपेन्द्र यादव, संरक्षक महन्थ ठाकुर र सह अध्यक्ष शरतसिंह भण्डारी सरकारबारे निर्णय लिन जनकपुरधाममा छन् । उनीहरुबीच शुक्रबार बिहान ११ बजे छलफल हुने सम्भावना छ । बैठकमा प्रदेश सभाका सांसदहरुको समेत सहभागिता रहने बताइएको छ ।

मधेश प्रदेशको दोस्रो कार्यकालमा छैटौं मुख्यमन्त्री नियुक्तिका लागि पहल भइरहेको छ । पहिलो कार्यकालमा जसपा नेपालका लालबाबु राउतको नेतृत्वमा पूर्ण कार्यकाल सरकार चलेको थियो ।

रिद्धि सिद्धि सिमेन्ट

हेटौंडाको उत्पादन

शिलान्यास
रिद्धि सिद्धिसँग

आफ्नो निर्माण कार्यको शुभ सुरूवातलाई
अझ विशेष बनाउनुहोस् ।

बेलैमा साइट दर्ता गरि
उपहार सुरक्षित
गर्नुहोस्।



विशेष शिलान्यास बक्स
(शिलान्यास / जग पूजामा चाहिने सम्पूर्ण सामग्रीहरू सहित)

५ ग्राम चाँदीको सिक्का
(पहिलो १०० जना ग्राहकहरूका लागि)

*सर्तहरू लागू हुनेछन्।

सर्तहरु

- यो योजनामा सहभागिता जनाउनको लागि उल्लेखित QR CODE SCAN गरी आफ्नो विवरण भर्नुहोस् र १०० वा सो भन्दा बढी बोरा रिद्धि सिद्धि सिमेन्ट खरिद गरेको VAT बिल अपलोड गर्नुहोस्।
- प्रत्येक साइटबाट १ वटा मात्र शिलान्यास बक्स प्राप्त गर्न सकिनेछ।
- कम्पनीका प्रतिनिधिहरूले साइटमा आइ शिलान्यास बक्स र चाँदीको सिक्का उपलब्ध गराउनु हुनेछ।
- यो योजना अवधि मंसिर ४ देखि पुष ४, २०८३ सम्म मान्य हुनेछ।

SCAN HERE




थप जानकारीका लागि सम्पर्क

बागमती / नुवाकोट / काभ्रे: ९८०२३३२३५७
मकवानपुर / सिन्धुली / रामेछाप: ९८०२३३५५२९
चितवन / धौलागिरी / धादिङ / गण्डकी: ९८०१९७१८०१
मेची / कोशी / सगरमाथा: ९८०१९७३११०
बारा / पर्सा / रौतहट / जनकपुर / सर्लाही / महोत्तरी / धनुषा: ९८०१९७१८०८

Toll-Free तथा अन्य सम्पर्क नम्बर: ९८०१५७२११२ । ९८०१९६८६५४ । ९८०२३३३०२३
Website: www.riddhisiddhicements.com

जनकपुर टुडे



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

दोहोरो धारमा जसपा नेपाल

तराई मधेशमा सबैभन्दा ठूलो दलको हैसियतमा रहेको जनता समाजवादी पार्टी(जसपा) नेपालको दोहोरो चरित्र देखिएको छ । तराई मधेशका करिब सबै दलहरु मिलेर गठन गरेको अग्रगामी मोर्चाले एउटै चुनाव चिह्नबाट स्थानीय निकायको चुनावमा भाग लिने सहमति गरिसकेको छ । त्यस सहमतिको अनुसार मोर्चाका नेताहरुले निर्वाचन आयोगसित चुनाव चिह्नबारे छलफल समेत गरेको छ । मोर्चाको अगुवाइ पनि जसपा नेपालले नै गरिरहेको छ । एउटै चुनावबाट विभिन्न दलहरुले निर्वाचनमा भाग लिने नलिने निर्वाचन आयोगको निर्णयमा निर्भर गर्छ । मोर्चामा रहेका दलहरु मध्ये कुनै एउटा दलको चुनाव चिह्नबाट नै सबै दलले निर्वाचनमा भाग लिनेमा मोर्चा भित्र कुनै विवाद छैन । मोर्चामा सहभागी रहेका सबै दलहरुले संयुक्तरुपमा नै निर्वाचन आयोगको कार्यालय पुगेर चुनावबारे सामूहिक छलफल गरेका छन् । मोर्चाले निर्वाचन आयोगको सुझावलाई कुरिरहेको जनाएको छ । हुन त अहिले स्थानीय तहको निर्वाचन हुन केही महिना बाँकी छ । आयोगले चुनावको तिथि घोषणा गरिसकेको छैन । तर मोर्चाबीच भएको अर्को महत्वपूर्ण सहमतिलाई जसपा नेपालले धोती लगाईदिने भएको छ । मोर्चाले मधेश प्रदेश सरकारमा नजाने सहमति पनि गरेको छ । त्यसको अगुवाइ पनि जसपा नेपालले नै गरेको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मोर्चाको निर्णय विपरीत सरकारमा नजाने प्रतिबद्धता दोहोऱ्याउँदै आएका छन् । हुन त उनको बोली अस्थिर छ । 'गाडि के पहिया आ उपेन्द्र यादवके बोली बराबर नचैत रहैछै' भन्ने तराई मधेशमा उखान नै छ । मधेश प्रदेशमा उनले फेरी त्यस्तै गर्न लागेका छन् । मधेश प्रदेशमा जसपा नेपालको नेतृत्वमा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) सम्मिलित सरकार गठन हुँदैछ । अध्यक्ष उपेन्द्र यादवले चाहेर पनि सरकार गठनको प्रक्रियालाई बाधित गर्न सक्दैन । हुन त उनको सहमति अनुसार नै सरकारको नेतृत्व जसपा नेपालले गर्ने भएको छ । जसपा नेपालका लागि सरकारको नेतृत्व गर्नु चुनाव सम्मका लागि ठूलो अवसर पनि हो । चुनावमा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को प्रभाव स्वभाविक रुपमा बढी रहने देखिन्छ । नेपाली कांग्रेस, एमाले र नेकपाको पनि स्थिति धेरै खराब नहुन सक्छ । तर तराई मधेश केन्द्रित दलहरुले इमान्दारीपूर्वक एकजुट नभए संसदीय चुनाव जस्तै भारी क्षति व्यहोर्नु पर्ने देखिन्छ । तराई मधेश केन्द्रित दलहरुको तुलनामा सत्तासीन र पुराना दलहरुप्रति नै झुकाव देखिन थालिएको छ । त्यस कारण पनि जसपा नेपालले प्रष्ट नीतिका साथ अगाडि बढ्नु पर्छ । प्रदेश सरकारको नेतृत्व गर्ने अवसरबाट पञ्छिन हुँदैन । सरकारको नेतृत्वको सवालमा अध्यक्ष यादवले चलखेल गरे पार्टीलाई समेत जबर्जस्त धक्का लाग्न सक्छ ।

बालेनको अग्निपरीक्षा : दिल्लीलाई रिझाउने कि नेपालको पीडा सुनाउने?



प्रेमचन्द्र झा

नेपाल र भारतबीचको सम्बन्ध केवल दुई देशबीचको कूटनीतिक सम्बन्ध मात्र होइन। यो इतिहास, भूगोल, संस्कृति, धर्म, अर्थतन्त्र, सामाजिक अन्तरसम्बन्ध र पुस्तौँदेखि कायम रहेको जनस्तरको आत्मीयतासँग जोडिएको विशिष्ट सम्बन्ध हो। खुला सिमाना, पारिवारिक सम्बन्ध, धार्मिक आस्था, व्यापारिक कारोबार, रोजगारी, शिक्षा, स्वास्थ्योपचार र सांस्कृतिक आदानप्रदानले यी दुई मुलुकलाई एकअर्कासँग गहिरोसँग जोडेको छ। त्यसैले नेपाल-भारत सम्बन्धलाई सामान्य छिमेकी सम्बन्धको सीमाभन्दा माथि उठाएर हेर्नुपर्ने आवश्यकता छ।

तर आत्मीयता र ऐतिहासिक निकटताको चर्चा जति गरिन्छ, व्यवहारमा देखिएका असमानता, सीमा विवाद, व्यापारिक अवरोध, प्राकृतिक निकासमा अवरोध, नेपाली नागरिकले भोग्नुपरेका कठिनाइ र राष्ट्रिय स्वाभिमानसँग जोडिएका विषयहरू त्यति नै गम्भीर रूपमा सम्बोधन हुन सकेका छैनन्। मित्रता केवल औपचारिक स्वागत, सम्मान, संयुक्त वक्तव्य र सहयोगका घोषणाबाट बलियो हुँदैन। मित्रता तब बलियो हुन्छ, जब एकअर्काको सार्वभौमिकता, भौगोलिक अखण्डता, आर्थिक हित र नागरिकको सम्मानलाई व्यवहारमै स्वीकार गरिन्छ।भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह मंसिर ६ र ७ गते भारतको राजकीय भ्रमणमा जाँदै हुनुहुन्छ। प्रधानमन्त्री बनेपछि उहाँको यो पहिलो औपचारिक द्विपक्षीय भारत भ्रमण भएकाले यसलाई नेपालको परराष्ट्र नीतिको महत्त्वपूर्ण अवसरका रूपमा हेरिएको छ।

तर प्रश्न केवल भारतबाट नेपालले कति आर्थिक सहयोग प्राप्त गर्छ भन्ने होइन। प्रश्न यो पनि हो कि नेपालले आफ्ना दीर्घकालीन राष्ट्रिय हितका विषयमा कति स्पष्टता, कति प्रतिबद्धता र कति परिणाम प्राप्त गर्छ? प्रधानमन्त्रीको भ्रमणलाई विकास आयोजनाको उद्घाटन र सहयोगको घोषणा गर्ने अवसरमा मात्र सीमित राख्नु हुँदैन। दशकौँदेखि नेपाली नागरिकले भोग्दै आएका समस्या समाधान गर्ने राजनीतिक इच्छाशक्ति प्रदर्शन गर्ने अवसरका रूपमा उपयोग गर्नुपर्छनेपालले भारतसँग सहयोग माग्ने मात्र होइन, दुई देशबीचका असमानता, अपूरा सहमति र अनसुल्झिएका समस्याबारे सम्मानपूर्वक तर दृढतापूर्वक कुरा राख्न सक्नुपर्छ। अन्तर्राष्ट्रिय कानुन, पारस्परिक सम्मान, समान सार्वभौमिकता र असल छिमेकी सम्बन्धका आधारमा नेपालको राष्ट्रिय हित सुनिश्चित गर्ने विषयलाई भ्रमणको मूल प्राथमिकता बनाउनुपर्छ।

नेपाल-भारत खुला सिमानाको सबैभन्दा जीवन्त पक्ष सीमावर्ती बजार हो। रौतहट, बारा, पर्सा, सर्लाही, धनुषा, महोत्तरी, सप्तरी, सिरहा, सुनसरी, झापा, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायतका जिल्लाका हजारौँ नागरिकको दैनिक जीवन सीमापारिको व्यापारसँग जोडिएको छ। दुवै देशका नागरिकबीच सामान खरिदबिक्री, रोजगारी, पारिवारिक भेटघाट र सामाजिक सम्बन्ध निरन्तर चलिरहेको हुन्छ।तर सीमावर्ती बजारमा नेपाली रुपैयाँको व्यवहारिक मूल्य घटाउने प्रवृत्तिले नेपाली नागरिक र व्यापारीलाई आर्थिक रूपमा कमजोर बनाइरहेको गुनासो सुनिन्छ। विशेषगरी भारतका सीमावर्ती बजारमा नेपाली रुपैयाँ साट्दा वा सामान खरिद गर्दा आधिकारिक विनिमय दरभन्दा फरक दर लगाउने, नेपाली रुपैयाँलाई कम मूल्यमा स्वीकार गर्ने र कतिपय अवस्थामा नेपाली मुद्राप्रति असमान व्यवहार गर्ने समस्या देखिन्छ।

नेपाल राष्ट्र बैंकले भारतीय रुपैयाँसँग नेपाली मुद्राको विनिमय दर १०० भारतीय रुपैयाँ बराबर १६० नेपाली रुपैयाँ कायम गरेको छ। यसको अर्थ नेपाली रुपैयाँको औपचारिक विनिमय दर घटेको होइन। समस्या कतिपय बजारमा आधिकारिक दरभन्दा फरक व्यवहार हुने, अनौपचारिक मुद्रा सटही र नेपाली मुद्रालाई कम मूल्यमा स्वीकार गर्ने प्रवृत्तिसँग सम्बन्धित छाप्रधानमन्त्रीले भारत सरकारसमक्ष यस विषयलाई गम्भीरतापूर्वक उठाउनुपर्छ। सीमावर्ती बजारमा आधिकारिक विनिमय दरको पालना गराउन दुवै देशका केन्द्रीय बैंक, वित्तीय संस्था, स्थानीय प्रशासन र व्यापारिक संगठनबीच समन्वय संयन्त्र बनाउनुपर्ने प्रस्ताव राख्नुपर्छ।

नेपाल र भारतका सीमावर्ती बजारमा आधिकारिक मुद्रा सटही केन्द्र विस्तार गर्ने, डिजिटल भुक्तानीलाई सहज बनाउने, बैंकिङ कारोबारमा देखिएका अवरोध हटाउने र नेपाली मुद्राको अपमानजनक व्यवहार रोक्ने व्यवस्था गर्नुपर्छमुद्राको सम्मान आर्थिक सार्वभौमिकताको सम्मान पनि हो। छिमेकी मुलुकसँगको मित्रता कायम राख्दै नेपाली रुपैयाँको गरिमा र नागरिकको आर्थिक हित संरक्षण गर्नु नेपालको सरकारको जिम्मेवारी हो।

नेपाल-भारत सम्बन्धमा लामो समयदेखि उठ्दै आएको सबैभन्दा संवेदनशील विषयमध्ये सीमावर्ती क्षेत्रमा हुने डुबान प्रमुख हो। विशेषगरी वर्षायाममा भारततर्फ निर्माण गरिएका सडक, बाँध, तटबन्ध तथा अन्य संरचनाका कारण नेपालको सीमावर्ती भूभागमा पानीको प्राकृतिक बहाव अवरुद्ध भएको स्थानीय नागरिकको गुनासो छ।

रौतहटलगायत मधेश प्रदेशका विभिन्न जिल्लामा वर्षायाम सुरु भएपछि हजारौँ बिघा खेतीयोग्य जमिन डुबानमा पर्ने, बस्तीमा पानी पस्ने, सडक अवरुद्ध हुने र किसानको वर्षभरिको मेहनत नष्ट हुने समस्या दोहोरिने गरेको छ।

भारततर्फ निर्माण गरिएका कतिपय सडक र तटबन्धका कारण प्राकृतिक पानी निकासका पुराना बाटा साँघुरिएका वा अवरुद्ध भएका छन् भन्ने स्थानीयस्तरका गुनासालाई प्राविधिक अध्ययनबाट प्रमाणित गरी समाधान खोज्न आवश्यक छ। पानीको प्राकृतिक बहावलाई ध्यान नदिई निर्माण गरिएका संरचनाले एकातर्फको भूभाग सुरक्षित बनाउँदा अर्कोतर्फका बस्ती र खेतबारी जोखिममा पर्ने अवस्था कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन।

रौतहटको बागमती, लालबकैया र अन्य नदी तथा खोलानालाको जलनिकास व्यवस्थापनसँगै सीमावर्ती क्षेत्रमा निर्माण गरिएका संरचनाको प्रभावबारे संयुक्त अध्ययन आवश्यक छ। समस्या केवल वर्षायामको पानी जम्ने विषय होइन। यो नागरिकको जीवन, खाद्य सुरक्षा, कृषि उत्पादन, सम्पत्तिको सुरक्षा र प्राकृतिक न्यायसँग जोडिएको प्रश्न हो।

नेपालले भारतसँग यस विषयमा भावनात्मक गुनासो मात्र राखेर पुग्दैन। प्रत्येक प्रभावित क्षेत्रको नक्सांकन, पानीको बहावसम्बन्धी तथ्यांक, डुबानको अवधि, प्रभावित खेतीयोग्य जमिन, क्षतिको विवरण र संरचनाको प्राविधिक परीक्षणसहित प्रस्ताव प्रस्तुत गर्नुपर्छ।

प्रधानमन्त्रीले सीमावर्ती सडक, बाँध र तटबन्धको संयुक्त प्राविधिक अध्ययन गर्ने, प्राकृतिक पानी निकास अवरुद्ध भएका स्थान पहिचान गरी आवश्यक ह्युमपाइप, कल्भर्ट, स्लुइस गेट र निकास नहर निर्माण गर्ने, पुराना प्राकृतिक जलनिकास मार्ग पुनःस्थापना गर्ने र नयाँ सडक तथा तटबन्ध निर्माण गर्दा सीमापारिको पानीको बहावमा पर्ने प्रभावको पूर्वअध्ययन अनिवार्य गर्ने विषयमा स्पष्ट



प्रतिबद्धता माग गर्नुपर्छ।

त्यसैगरी बाढी तथा डुबानको जोखिमसम्बन्धी सूचना समयमै आदानप्रदान गर्ने, प्रभावित नागरिकको क्षति मूल्यांकन गरी क्षतिपूर्ति तथा पुनःस्थापनाको उचित व्यवस्था गर्ने र संयुक्त बाढी नियन्त्रण तथा डुबान व्यवस्थापन संयन्त्रलाई अधिकारसम्पन्न बनाउने प्रस्ताव पनि राख्नुपर्छ।

यस विषयमा सीमावर्ती क्षेत्रका नदी, खोलानाला, स्थानीय जलाधार र निकास प्रणालीलाई समेट्ने छुट्टै समग्र नीति आवश्यक छ। सीमावर्ती नागरिकले प्रत्येक वर्ष एउटै पीडा भोगिरहनुपर्ने अवस्था अन्त्य गर्न प्रधानमन्त्रीले भारतसँग समयसीमासहितको कार्ययोजना माग गर्नुपर्छ। संयुक्त समिति गठन गरेर वर्षौंसम्म फाइल थन्क्याउने होइन, कुन ठाउँमा कुन संरचना निर्माण हुने र कहिलेसम्म काम सम्पन्न हुने भन्ने कुरा स्पष्ट हुनुपर्छ।

नेपाल-भारत सम्बन्धको सबैभन्दा संवेदनशील र ऐतिहासिक विषयमध्ये लिपुलेक, लिम्पियाधुरा र कालापानीको सीमा विवाद प्रमुख हो। यो केवल केही वर्गकिलोमिटर जमिनको विवाद होइन। नेपालको राष्ट्रिय सार्वभौमिकता, ऐतिहासिक प्रमाण, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाभिमानसँग जोडिएको विषय हो।

सन् १८१६ को सुगौली सन्धि यस विवादको ऐतिहासिक आधार हो। नेपालको आधिकारिक धारणा महाकाली नदीको उद्गम लिम्पियाधुराबाट हुने र त्यसको पूर्वतर्फ पर्ने लिम्पियाधुरा, लिपुलेक तथा कालापानी नेपाली भूभाग भएको छ। नेपालले २०७७ सालमा जारी गरेको राजनीतिक तथा प्रशासनिक नक्सामा यी क्षेत्र समेटेको छ।

भारतले भने उक्त भूभागमाथि आफ्नो दाबी प्रस्तुत गर्दै आएको छ। दुवै देशबीचको यो विवाद दशकौँदेखि समाधान हुन सकेको छैन। नेपालले विभिन्न समयमा कूटनीतिक नोट पठाए पनि ठोस परिणाम प्राप्त हुन सकेको छैन।

यस्तो अवस्थामा प्रधानमन्त्री बालेन शाहको भारत भ्रमणले यो विषयलाई नयाँ राजनीतिक तथा कूटनीतिक उचाइमा पुऱ्याउन सक्नुपर्छ।

प्रधानमन्त्रीले भारतीय समकक्षीसँग स्पष्ट रूपमा भन्न सक्नुपर्छ कि नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतासँग जोडिएका विषयलाई सामान्य प्रशासनिक विवादका रूपमा लिन सकिँदैन। दुवै मुलुकले स्वीकार गरेका ऐतिहासिक सन्धि, प्रमाण, नक्सा, अभिलेख र अन्तर राष्ट्रिय कानुनका आधारमा यसको समाधान खोजिनुपर्छ।

नेपालले भारतसँग लिपुलेक, लिम्पियाधुरा र कालापानी विवाद समाधानका लागि प्रधानमन्त्रीस्तरमा राजनीतिक प्रतिबद्धता व्यक्त गर्ने, दुवै देशका परराष्ट्र सचिवस्तरीय संयन्त्रलाई निश्चित समयसीमासहित सक्रिय बनाउने, विवादित क्षेत्रका ऐतिहासिक नक्सा, अभिलेख, सन्धि र भौगोलिक प्रमाणको संयुक्त अध्ययन गर्ने तथा विवाद समाधान नभएसम्म एकपक्षीय रूपमा सडक निर्माण, व्यापार विस्तार, प्रशासनिक गतिविधि र अन्य नयाँ संरचना निर्माण नगर्ने विषयमा सहमति खोज्नुपर्छ।

नेपालले आफ्नो दाबी छोड्ने होइन, प्रमाणका आधारमा कूटनीतिक रूपमा स्थापित गर्ने नीति लिनुपर्छ। तर राष्ट्रियताको नाममा केवल भाषण गर्ने र व्यवहारमा समस्या यथावत् राख्ने प्रवृत्तिको अन्त्य पनि आवश्यक छ।

प्रधानमन्त्रीले भारतसँगको सम्बन्ध बिगार्ने होइन, सम्बन्धलाई न्यायपूर्ण र दीर्घकालीन बनाउने उद्देश्यसहित यो विषय उठाउनुपर्छ। सानो मुलुक भएको कारण नेपालको आवाज कमजोर हुनुपर्छ भन्ने सोच अन्तर्राष्ट्रिय सम्बन्धको मान्यताविपरीत हो। संयुक्त राष्ट्रसंघको बडापत्रले सबै सदस्य राष्ट्रको सार्वभौमिक समानतालाई स्वीकार गरेको छ। नेपाल र भारत दुवै स्वतन्त्र र सार्वभौम राष्ट्र भएकाले संवाद पनि समान हैसियतमा हुनुपर्छ।

नेपाल र भारतबीचको खुला सिमाना दुवै देशका नागरिकका लागि ऐतिहासिक सुविधा हो। यसले व्यापार, रोजगारी, शिक्षा, स्वास्थ्योपचार, पारिवारिक सम्बन्ध र सांस्कृतिक आदानप्रदानलाई सहज बनाएको छ। तर खुला सिमानासँगै नेपाली नागरिकले भारतमा भोग्नुपरेका सुरक्षा, सम्मान र कानुनी संरक्षणका समस्या पनि सम्बोधन हुन आवश्यक छ।

भारतमा लाखौँ नेपाली नागरिक विभिन्न क्षेत्रमा काम गर्छन्। कोही होटल, उद्योग, निर्माण, सुरक्षा, घरेलु श्रम तथा कृषि क्षेत्रमा कार्यरत छन् भने कोही उच्च शिक्षा, प्राविधिक अध्ययन र व्यावसायिक अवसरका लागि भारत पुग्छन्। बिरामी तथा आफन्तको उपचारका लागि भारतका अस्पताल जाने नेपालीको संख्या पनि उल्लेखनीय छ।

तर कतिपय अवस्थामा नेपाली नागरिकले परिचयपत्र, आवागमन, रोजगारी, पारिश्रमिक, आवास, उपचार र कानुनी प्रक्रियामा कठिनाइ भोग्नुपरेको गुनासो सुनिन्छ। दुर्घटना, आपराधिक घटना, ठगी, श्रम शोषण वा अन्य समस्यामा परेका नेपाली नागरिकले समयमै नेपाली दूतावास तथा सम्बन्धित निकायबाट सहयोग प्राप्त गर्न कठिनाइ भोग्ने अवस्था पनि देखिन्छ।

प्रधानमन्त्रीले भारत सरकारसँग नेपाली नागरिकको सुरक्षा र सम्मान सुनिश्चित गर्न छुट्टै द्विपक्षीय कार्ययोजना प्रस्ताव गर्नुपर्छ। भारतमा कार्यरत नेपाली श्रमिकको न्यूनतम पारिश्रमिक, श्रम अधिकार र सुरक्षाको सुनिश्चितता, नेपाली नागरिकमाथि हुने दुर्व्यवहार तथा भेदभाव नियन्त्रण, नेपाली विद्यार्थीको शैक्षिक अधिकार, छात्रवृत्ति र सुरक्षा, नेपाली बिरामीले अस्पतालमा उपचार प्राप्त गर्दा अनावश्यक प्रशासनिक अवरोध नहुने व्यवस्था र दुर्घटना, मृत्यु, बेपत्ता वा पक्राउका घटनामा तत्काल सूचना आदानप्रदान गर्ने संयन्त्र आवश्यक छ।

नेपाली दूतावास र वाणिज्य दूतावासको सेवा विस्तार तथा आपत्कालीन सहायता प्रणाली स्थापना गर्नुपर्छ। भारतमा मृत्यु भएका नेपाली नागरिकको शव नेपालसम्म ल्याउने प्रक्रियालाई सरल, छिटो र कम खर्चिलो बनाउने व्यवस्था पनि हुनुपर्छ।

यसका अतिरिक्त महिला तथा बालबालिकाको बेचबिखन, मानव तस्करी र श्रम शोषणविरुद्ध संयुक्त अभियान सञ्चालन गर्नुपर्छ। खुला सिमानाको अर्थ कानुनी नियन्त्रणको अभाव होइन। सुरक्षा र नागरिक सुविधाबीच सन्तुलन कायम गर्नु दुवै देशको साझा जिम्मेवारी हो।

नेपालको आर्थिक विकासको आधार केवल ठूला परियोजना र विदेशी लगानी मात्र होइन। घरेलु उद्योग, साना उद्यम, कृषि प्रशोधन, हस्तकला, खाद्य उत्पादन, कपडा, फर्निचर, औषधिजन्य वस्तु र मझौला उद्योगको विस्तार पनि हो।

नेपालमा धेरै उद्योग कच्चा पदार्थको अभाव, महँगो ढुवानी, भन्सार प्रक्रिया, गुणस्तर परीक्षण, सीमा नाकामा हुने ढिलाइ र नीतिगत अनिश्चितताका कारण प्रतिस्पर्धी बन्न सकेका छैनन्।

नेपालले भारतबाट विभिन्न प्रकारका कच्चा पदार्थ, औद्योगिक उपकरण, मेसिनरीका पार्टपुर्जा, रसायन, धागो, कपडा उत्पादनका सामग्री, कृषि प्रशोधनका उपकरण तथा अन्य औद्योगिक सामग्री आयात गर्दै आएको छ। यी वस्तुको आयातमा अनावश्यक ढिलाइ र प्रशासनिक जटिलताले नेपाली उद्योगको लागत बढाउँछ।

प्रधानमन्त्रीले भारतसँग नेपाली घरेलु तथा मझौला उद्योगलाई लक्षित गरेर कच्चा पदार्थ आयातमा सहजता प्रदान गर्न प्रस्ताव राख्नुपर्छ। नेपाली उद्योगले प्रयोग गर्ने औद्योगिक कच्चा पदार्थको भन्सार प्रक्रिया सरल बनाउने, सीमा नाकामा कच्चा पदार्थको परीक्षण र जाँच छिटो सम्पन्न गर्ने, आवश्यक औद्योगिक सामग्रीको आयातमा पारदर्शी र स्थिर भन्सार नीति लागू गर्ने तथा दुवै देशका गुणस्तर परीक्षण प्रयोगशालाबीच पारस्परिक मान्यता विकास गर्ने विषयमा सहकार्य गर्नुपर्छ।

नेपाली साना उद्योगका उत्पादनलाई भारतीय बजारमा प्रवेश गर्न सहज बनाउने, औद्योगिक प्रविधि, मेसिनरी मर्मत र सीप विकासमा भारतीय प्राविधिक सहयोग उपलब्ध गराउने तथा सीमावर्ती क्षेत्रमा साझा औद्योगिक तथा कृषि प्रशोधन केन्द्र विकास गर्ने विषय पनि महत्त्वपूर्ण छन्।

नेपालले आफ्नो बजारलाई केवल आयातको गन्तव्य बनाउने होइन, उत्पादन र निर्यातको आधार बनाउनुपर्छ। यसका लागि भारतसँगको व्यापार सम्बन्धमा नेपालले उत्पादन क्षमता विकास, प्रविधि हस्तान्तरण र औद्योगिक सहकार्यलाई प्राथमिकता दिनुपर्छ।

नेपाल प्राकृतिक सम्पदा, मौलिक कला, संस्कृति र परम्परागत सीपले सम्पन्न देश हो। यहाँका हस्तकलाका सामग्री, मिथिला चित्रकला, काष्ठकला, धातुकला, माटाका भाँडा, ढाका कपडा, परम्परागत गहना, मूर्तिकला, बाँस तथा बेतका सामग्री र मौलिक घरेलु उत्पादनले अन्तर्राष्ट्रिय बजारमा राम्रो सम्भावना बोकेका छन्।

तर आधुनिक बजारको प्रतिस्पर्धा, पुँजीको अभाव, प्रविधिको कमी, बजारीकरणको कमजोरी र सीप हस्तान्तरणमा देखिएको अन्तरका कारण परम्परागत उत्पादन संकटमा पर्दै गएको छ।

नेपालले भारतसँग यस क्षेत्रमा प्राविधिक तथा आर्थिक सहयोग माग्न सक्छ। भारतीय हस्तकला प्रवर्द्धन संस्थाहरू, डिजाइन केन्द्र, औद्योगिक प्रशिक्षण संस्थान र व्यापारिक सञ्जालसँग नेपाली सीपकर्मीलाई जोड्न सकिन्छ।

नेपालका कारीगरलाई आधुनिक डिजाइन, प्याकेजिङ, डिजिटल बजार, गुणस्तर प्रमाणन र निर्यात प्रक्रियासम्बन्धी तालिम उपलब्ध गराउन सकिन्छ। नेपाली उत्पादनका लागि भारतका प्रमुख सहरमा प्रदर्शनी तथा बिक्री केन्द्र सञ्चालन गर्न सकिन्छ।

यसका साथै नेपालको मौलिक उत्पादनको बौद्धिक सम्पत्ति अधिकार संरक्षण, भौगोलिक संकेत र ब्रान्ड पहिचान विकासमा पनि सहकार्य आवश्यक छ। प्रधानमन्त्रीले यो विषयलाई सांस्कृतिक सहयोगको सामान्य बुँदामा सीमित नगरी रोजगारी सिर्जना, स्थानीय अर्थतन्त्र र आत्मनिर्भर उत्पादनसँग जोडेर प्रस्तुत गर्नुपर्छ।

नेपाल र भारतको सम्बन्धलाई जीवन्त बनाउने सबैभन्दा महत्त्वपूर्ण आधारमध्ये धार्मिक तथा सांस्कृतिक सम्बन्ध पनि एक हो। पशुपतिनाथ, जनकपुरधाम, मुक्तिनाथ, लुम्बिनी, गढीमाई, बराहक्षेत्र, देवघाट, स्वर्गद्वारी, जानकी मन्दिर, बुद्धका जन्मस्थल र अन्य तीर्थस्थल नेपालका अमूल्य सम्पदा हुन्।

भारततर्फ अयोध्या, काशी, प्रयागराज, हरिद्वार, बद्रीनाथ, केदारनाथ, गया, वृन्दावन, मथुरा, पुरी, उज्जैन र अन्य धार्मिक स्थलले नेपालका श्रद्धालु तथा पर्यटकलाई आकर्षित गर्छन्।

यी धार्मिक सम्बन्धलाई व्यवस्थित पर्यटन सञ्जालमा रूपान्तरण गर्न सके दुवै देशका नागरिकले आर्थिक र सांस्कृतिक लाभ प्राप्त गर्न सक्छन्।

प्रधानमन्त्रीले भारत सरकारसँग नेपालका धार्मिक तथा सांस्कृतिक सम्पदाको प्रचारप्रसारमा सहयोग माग्नुपर्छ। भारतीय सञ्चारमाध्यम, पर्यटन बोर्ड, धार्मिक संस्थान र डिजिटल पर्यटन प्लेटफर्ममार्फत नेपालको धार्मिक पर्यटनलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने सहकार्य हुन सक्छ।

विशेषगरी रामायण सर्किट, बुद्ध सर्किट, शिव सर्किट, शक्ति पीठ तथा अन्य धार्मिक पर्यटन मार्गलाई जोड्न सकिन्छ। जनकपुर-अयोध्या धार्मिक सम्बन्धलाई व्यवस्थित रेल तथा सडक सम्पर्कबाट थप बलियो बनाउनुपर्छ। पशुपतिनाथ-काशी, मुक्तिनाथ-बद्रीनाथ र लुम्बिनी-बोधगयाजस्ता धार्मिक गन्तव्यलाई समेटेर संयुक्त पर्यटन प्याकेज सञ्चालन गर्न सकिन्छनेपाल भूपरिवेष्टित मुलुक हो। अन्तर्राष्ट्रिय व्यापार, पर्यटन, औद्योगिक विकास र आर्थिक प्रतिस्पर्धाका लागि छिमेकी मुलुकको पारवहन सुविधा नेपालको जीवनरेखा हो। भारतसँगको भौगोलिक निकटताका कारण नेपालको अधिकांश तेस्रो मुलुकसँगको व्यापार भारतीय बन्दरगाह तथा पारवहन मार्गमा निर्भर छ।

अन्तर्राष्ट्रिय कानुनले भूपरिवेष्टित राष्ट्रको पारवहन अधिकारलाई महत्त्व दिएको छ। नेपालले भारतसँगको पारवहन सम्बन्धलाई अझ सरल, सुलभ र प्रतिस्पर्धी बनाउनुपर्ने आवश्यकता छ।

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : स्वास्थ्यमा भने समस्या आउन सक्छ।
वृष : राजनीति र सामाजिक क्षेत्रमा मन जानेछ।
मिथुन : बोलीको प्रभावले काम बन्नेछ।
कर्कट : परिवारमा मेलमिलापको वातावरण बन्नेछ।
सिंह : राम्रो काम गरे पनि तपाईमाथि खराब आरोप लाग्नेछ।
कन्या : नाफा कमाउन थप मिहिनेत गर्नुपर्ने दिन छ।
तुला : तपाईको कामको प्रशंसा हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।
वृश्चिक : धार्मिक कार्यमा सहभागी हुने अवसर प्राप्त होला।
धनु : परिवारको सहयोगमा गरेको काममा सफलता मिल्ने छ।
मकर : लामो समयदेखि रोकिएको सम्पत्तिको बाटो खुल्ने दिन छ।
कुम्भ: राजनीतिक र सामाजिक क्षेत्रमा चासो बढ्ने छ।
मीन: आफूभन्दा ठुलाबाट अपमानित भएको महसुस हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुणा यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

लागू औषधसहित एक युवक पक्राउ



टुडे समाचारदाता

लहान । सिरहा प्रहरीले जिल्लाको गोलबजारबाट खैरो हेरोइन लागुऔषधसहित एक युवकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गोलबजार नगरपालिका-२ स्थित गागन खोलानजिक पूर्व-पश्चिम राजमार्गमा चेकजाँचका क्रममा धनगढीमाई नगरपालिका-८ कसहा निवासी २४ वर्षीय पारस यादव पक्राउ परेका हुन् ।

इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट खटिएको संयुक्त प्रहरी टोलीले बुधबार साँझ पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स ५ प ६९६६ नम्बरको टीभीएस मोटरसाइकल रोकेर जाँच गर्ने क्रममा यादवको साथबाट ९ ग्राम २७० मिलिग्राम खैरो हेरोइन बरामद भएको प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालले जनाएका छन् । प्रहरीले उनको साथबाट एउटा भिभो कम्पनीको मोबाइलसमेत बरामद गरेको जनाइएको छ ।लागुऔषध, मोटरसाइकल र मोबाइलसहित पक्राउ परेका यादवलाई इलाका प्रहरी कार्यालय गोलबजारमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

कोप–३१: पर्वतीय एजेन्डाका लागि मन्त्री चौधरीको पहल

अन्ताल्या । टर्कीएको अन्ताल्यामा गत कात्तिक २३ गतेदेखि जारी संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलन (कोप-३१) मा नेपालले उठाउँदै आएको पर्वतीय एजेन्डाले ऐतिहासिक उपलब्धिको मार्ग खोलेको छ ।

कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलको सक्रिय कूटनीतिक पहलपछि सम्मेलनको मस्यौदा 'कभर' निर्णय (कभर डिसिजन) मा पर्वतीय कार्ययोजना कार्यक्रम (माउन्टेन वर्क प्रोग्राम), कोपको स्थायी कार्यसूची, उच्चस्तरीय राजनीतिक संवाद तथा वार्षिक पर्वत र जलवायु परिवर्तन संवाद समावेश भएको हो ।

जलवायु वार्ताको इतिहासमा पहिलोपटक पर्वतीय क्षेत्रका सवाललाई यति स्पष्ट र संस्थागत रूपमा मस्यौदा निर्णयमा स्थान प्राप्त भएको हो । हिमालयदेखि एन्डिज र अफ्रिकाका पर्वतीय क्षेत्रसम्म बसोबास गर्ने करोडौँ मानिसको जीवन र जीविकासँग जोडिएको यो विषय कोपको अन्तिम निर्णयमा पारित भएमा पर्वतीय मुलुकका लागि दीर्घकालीन नीतिगत आधार बन्ने अपेक्षा गरिएको छ ।

पर्वतीय एजेन्डाका लागि द्विपक्षीय पहल

पर्वतीय एजेन्डाको पैरवी गर्ने क्रममै यसअघि मन्त्री चौधरीले कोप-३१ का वार्ता अध्यक्ष (प्रेसिडेन्ट अफ नेगोसिएसन्स) तथा सहआयोजक अष्ट्रेलियाका जलवायु परिवर्तन तथा ऊर्जामन्त्री क्रिस बोवेनसँग भेटवार्ता गरी नेपालका प्राथमिकता स्पष्ट रूपमा राख्नुभएको थियो ।

सम्मेलनको मुख्य आयोजक राष्ट्र टर्कीएका मन्त्रीसँगको भेटवार्तामा पनि उहाँले पर्वतीय एजेन्डालाई कभर निर्णयमा समेट्न आग्रह गर्नुभएको थियो । यी भेटवार्ताहरू मस्यौदामा पर्वतीय पाठ समावेश गराउन निर्णायक रहेको थियो ।

मन्त्री चौधरीले सम्मेलनका क्रममा हालसम्म अष्ट्रेलिया, टर्कीए, आयरल्याण्ड, जापान, फ्रान्स, भारत, बेलायत, क्यानाडा, भानुआटु, स्विट्जरल्याण्ड, नर्वे, भुटान, चीनलगायत



विभिन्न मुलुकका मन्त्रीहरूसँग द्विपक्षीय भेटवार्ता गरी पर्वतीय एजेन्डामा समर्थनका लागि बैठक गर्नुभएको थियो ।

भेटवार्ताका क्रममा चीनले पर्वतीय एजेन्डामा समर्थन जनाएको थियो भने भारतका मन्त्रीले ऐक्यबद्धता व्यक्त गर्नुभएको थियो । पर्वतीय एजेन्डाको सहप्रस्तावक राष्ट्र भुटानसँग आगामी रणनीतिमा समन्वय गरिएको छ भने साना टापु राष्ट्र भानुआटुसँगको भेटले 'सगरमाथादेखि समुद्रसम्म' सहकार्यलाई थप बल पुऱ्याएको छ ।

पर्वतीय एजेन्डामा भएको उपलब्धिका बारेमा अवगत गराउँदै मन्त्री चौधरीले भन्नुभयो, "मस्यौदा कभर निर्णयमा अहिले पर्वतीय कार्ययोजना कार्यक्रम, स्थायी कार्यसूची, उच्चस्तरीय राजनीतिक संवाद र वार्षिक पर्वतीय संवाद समावेश भएका छन् । यो नेपाललाई गरिएको दया होइन । यो हाम्रो हक हो, लामो समयदेखि पतिक्षा गरिरहेका थियौँ । हरेक पक्ष राष्ट्रलाई यस विषयको संरक्षण गर्न र यसलाई अन्तिम निर्णयमा पारित नहुँदासम्म साथ दिन आग्रह गर्दछु ।"

संयुक्त प्रस्तावदेखि मस्यौदासम्म

नेपाल र भुटानले गत अक्टोबर २९ (कात्तिक १२ गते) पर्वत र जलवायु परिवर्तनसम्बन्धी संयुक्त औपचारिक प्रस्ताव पेस गरेका थिए । सम्मेलनको सुरुमै 'पर्वत र जलवायु परिवर्तनसम्बन्धी विषय' कार्यसूचीमा सैद्धान्तिक रूपमा स्वीकृत भएको थियो । मन्त्री चौधरीको नेतृत्वमा नेपाल, भुटान र किर्गिज गणतन्त्रले कभर निर्णयको पर्वतीय पाठमा संयुक्त प्रस्ताव पेस गरेका थिए भने नेपालले उच्चस्तरीय राजनीतिक संवादसम्बन्धी छुट्टै राष्ट्रिय प्रस्ताव पनि दर्ता गराएको थियो ।

नेपालले पर्वतीय क्षेत्रमा १.५ डिग्री सेल्सियसको तापमान सीमाको अत्यावश्यकता, पर्वतीय कार्य कार्यक्रम तथा अनुकूलनसम्बन्धी विश्वव्यापी लक्ष्य (जीजीए) र नयाँ सामूहिक परिमाणात्मक जलवायु वित्त लक्ष्य (एनसीक्यूजी) मा पर्वत-विशेष सूचकहरू समावेश गर्नुपर्ने माग राख्दै आएको छ ।

जलवायुजन्य पीडा र विश्वको जिम्मेवारी

विश्वव्यापी तापमान वृद्धिले हिमनदी पग्लिने दर तीव्र हुँदा हिमताल विस्फोट, बाढी, पहिरो र पानीको स्रोत सुक्ने जोखिम बढिरहेको छ । हालै रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले पर्वतीय समुदायले भोगिरहेको जलवायु सङ्कटको गम्भीरता फेरि एकपटक देखाएको छ । उक्त विपद्मा करिब एक हजार पाँच सय जनाको मृत्यु र पाँच हजार जना बेपत्ता भएका थिए भने विपद्पछिको पुनर्निर्माण र पुनरोत्थानका लागि पाँच अर्ब अमेरिकी डलर खर्च लाग्ने अनुमान छ ।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान भए पनि नेपालजस्ता पर्वतीय मुलुकले जलवायु परिवर्तनको सबैभन्दा ठूलो मार खेपिरहेका छन् । मन्त्री चौधरीले सम्मेलनका क्रममा भएका भेटवार्ताहरूमा पर्वतीय एजेन्डा हिमाली क्षेत्रमा मात्र सीमित नरहेको स्पष्ट पार्नुभएको थियो । हिमालहरू एसियाका 'पानीका धरहरा' हुन्, यहाँका हिमनदी र नदीहरूले नेपालकै तराई-मधेसदेखि गङ्गा-ब्रह्मपुत्र बेसिनसम्मका करिब दुई अर्ब मानिसको खानेपानी, सिँचाइ, खाद्य सुरक्षा, ऊर्जा र जीविकालाई धानेका मन्त्री चौधरीले उल्लेख गर्नुभयो । हिमालमा हुने हरेक परिवर्तनको असर तल्लो तटीय (डाउनस्ट्रिम) समुदायसम्म पुग्ने भएकाले पर्वतको संरक्षण सिङ्गो क्षेत्र र विश्वकै साझा सरोकार भएको उहाँको भनाइ छ ।

यही सम्बन्ध नेपालले 'सगरमाथादेखि समुद्रसम्म' एजेन्डामार्फत अघि सार्दै आएको छ । हिमाल पग्लिँदा नदी प्रणाली, तल्लो तटीय क्षेत्र र अन्ततः समुद्री सतहसम्म असर पर्ने भएकाले यस अवधारणाले पर्वतीय मुलुकलाई साना टापु राष्ट्र र तटीय देशहरूसँग एउटै साझा मोर्चामा जोडेको छ । सम्मेलनअघि काठमाडौँमा आयोजित राष्ट्रिय जलवायु शिखर सम्मेलनमा सार्वजनिक गरिएको 'लिभिङ सगरमाथा' पर्वतीय रणनीतिले पनि नेपालको यो अडानलाई बलियो आधार दिएको हो ।

अन्तिम निर्णयमा पारित गराउने चुनौती

वनमन्त्रीका सल्लाहकार एवं जलवायु विज्ञ अभिषेक श्रेष्ठका अनुसार कोप-३१ अन्तिम चरणमा प्रवेश गरिसकेको छ । "केही पक्षले पर्वतीय सवाललाई नयाँ संरचनाभन्दा विद्यमान कार्यसूची र कार्यक्रममा जोड्नुपर्ने धारणा राखेकाले मस्यौदामा समावेश पाठलाई अन्तिम निर्णयसम्म जोगाउनु प्रमुख चुनौती बनेको छ", उहाँले भन्नुभयो, "यसका लागि मन्त्री चौधरी नेतृत्वको प्रतिनिधिमण्डलले मित्रराष्ट्र, वार्ता समूह र समान धारणा राख्ने पक्षहरूसँग निरन्तर संवाद गरिरहेको छ ।"

मन्त्रालयका अनुसार कोप-३१ मा पर्वतीय एजेन्डा अन्तिम निर्णयमा पारित भएमा यो नेपालको जलवायु कूटनीतिको अहिलेसम्मकै ठूलो उपलब्धि हुनेछ । जसले हिमाली समुदायको आवाजलाई विश्व जलवायु व्यवस्थामा स्थायी स्थान दिलाउने सल्लाहकार श्रेष्ठको विश्वास छ । रासस

विधेयकबाट 'वेश्यावृत्ति' शब्द हटाउन सांसदहरूको माग, शोषणसम्बन्धी परिभाषा फराकिलो बनाउन सुझाव

काठमाण्डु । सांसदहरूले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी विद्येयकमा प्रयोग गरिएको 'वेश्यावृत्ति' शब्द हटाएर मर्यादित तथा समावेशी शब्दावली राख्न माग गर्नुभएको छ । उहाँहरूले शोषणको परिभाषामा बालबालिकामाथि हुने श्रम शोषण, बाध्यकारी श्रम तथा अन्य शोषणका स्वरूपसमेत स्पष्ट रूपमा समेट्न प्रस्ताव गर्नुभएको छ ।

महिला तथा सामाजिक मामिला समितिमा आज मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३ माथिको दफावार छलफलका क्रममा संशोधनकर्ता सांसदहरूले 'वेश्यावृत्ति' शब्दले विशेषगरी महिलालाई सामाजिक कलङ्क र विभेदको भार बोकाउने भन्दै त्यसको सट्टा 'जबर्जस्ती यौन व्यवसाय', 'देहव्यापार' र 'यौन शोषण' जस्ता वैकल्पिक शब्द प्रयोग गर्नुपर्ने धारणा राख्नुभएको हो ।

संशोधनकर्ता इन्दिरा राना मगरले विधेयकमा रहेको 'वेश्यावृत्तिमा लगाउने' भन्ने शब्दावलीको सट्टा 'जबर्जस्ती यौन व्यवसायमा' भन्ने शब्द राख्न प्रस्ताव गर्नुभयो । गरिबी, भौगोलिक अवस्था र चेतनाको अभावको फाइदा उठाउँदै महिलालाई जबर्जस्ती यौन व्यवसायमा लगाइने गरेको उल्लेख गर्दै उहाँले उद्धार तथा पुनःस्थापनापछि पनि पीडित महिला र उनीहरूका पुस्तालेसामाजिक कलङ्क बोक्नुपर्ने अवस्था रहेको बताउनुभयो ।

विभिन्न देशबाट उद्धार गरेर ल्याइएका महिलाले समेत जीवनभर उक्त शब्दसँग जोडिएको सामाजिक कलङ्क भोग्नुपरेको उल्लेख गर्दै उहाँले बाध्यतामा यौन व्यवसायमा लगाइएका महिलालाई सम्बोधन गर्दा 'वेश्यावृत्ति' शब्द प्रयोग गर्न नहुने बताउनुभयो ।

त्यस्तै, सांसद मनमाया विश्वकर्माले



'वेश्यावृत्ति' शब्दको सट्टा 'देहव्यापार' राख्न संशोधन प्रस्ताव गर्नुभयो। उक्त शब्दले लैङ्गिक रूपमा महिलालाई मात्र बढी सङ्केत गर्ने र महिलामाथि दुर्व्यवहार तथा शोषणको अवस्था सिर्जना गर्ने उहाँको भनाइ थियो । कानुनले सबैलाई समान रूपमा सम्बोधन गर्नुपर्ने भएकाले लैङ्गिक रूपमा एउटै समूहलाई लक्षित गर्ने शब्द हटाउनुपर्ने उहाँले बताउनुभयो ।

सांसद गणेशबहादुर विश्वकर्माले भने 'वेश्यावृत्ति' वा 'यौन कार्य' का रूपमा नभई 'यौन शोषण' का रूपमा परिभाषित गर्नुपर्ने प्रस्ताव गर्नुभयो । विशेषगरी दलित समुदायका बादी महिलामाथि हुने शोषणलाई यौन व्यवसाय वा वेश्यावृत्तिका रूपमा व्याख्या गर्न नहुने भन्दै उहाँले त्यसलाई यौन शोषणका रूपमा कानुनमा समेट्नुपर्ने बताउनुभयो ।

उहाँले शोषणको परिभाषामा दास तुल्याउने, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाँधा बनाउने, श्रम शोषण गर्ने, प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, मानव तन्तुको बेचबिखन गर्ने तथा जबर्जस्ती श्रममा लगाउने कार्य समेट्न प्रस्ताव गर्नुभयो । साथै, आक्रमण, धम्की, कैद वा अन्य मानसिक तथा शारीरिक दबाबमार्फत व्यक्तिको स्वतन्त्र इच्छाविपरीत काममा लगाउने अवस्थालाई समेटेर बाध्यकारी श्रमको छुट्टै परिभाषा राख्नुपर्ने उहाँको प्रस्ताव थियो । उहाँले कमैया, कमलरी, हलिया, हरुवाचरुवा र झुमा प्रथाबाट हुने श्रम शोषणलाई समेत त्यस परिभाषामा समेट्नुपर्ने बताउनुभयो ।

सांसद पार्वती बिकले शोषणको परिभाषामा बालबालिकामाथि हुने जबर्जस्ती श्रम शोषण स्पष्ट रूपमा समेट्नुपर्ने बताउनुभयो । विधेयकमा शोषणको परिभाषा उल्लेख भए पनि बालबालिकामाथि हुने श्रम शोषण छुटेको उल्लेख गर्दै उहाँले 'वेश्यावृत्तिमा लगाउने' भन्ने शब्दावलीपछि बालबालिकामाथि हुने जबर्जस्ती श्रम शोषणलाई समेट्ने वाक्यांश थप्न प्रस्ताव गर्नुभयो ।

उहाँले 'वेश्यावृत्ति' शब्दले विगतमा एउटा समुदायलाई अपमानित गर्ने गरी प्रयोग भएको र त्यसको सामाजिक प्रभाव अहिले पनि कायम रहेको उदाहरण दिँदै कानुनमा प्रयोग हुने शब्दले समाजमा पार्ने प्रभावलाई समेत ध्यान दिनुपर्ने बताउनुभयो । कानुनमा लेखिएका शब्दले कार्यान्वयन गर्ने निकाय र समाजमा फरक प्रभाव पार्न सक्ने भएकाले उक्त शब्द हटाउनुपर्ने उहाँको धारणा थियो ।

सांसद भूमिका श्रेष्ठले पनि 'वेश्यावृत्ति' शब्द हटाएर मर्यादित तथा समावेशी शब्दावली प्रयोग गर्नुपर्ने बताउनुभयो । संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै उहाँले महिला, पुरुष तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सबैको गरिमालाई कानुनको भाषाले सम्मान गर्नुपर्ने बताउनुभयो ।

यौनजन्य कार्यमा संलग्न व्यक्तिलाई सुरुदेखि नै नकारात्मक पहिचान दिने शब्द प्रयोग गर्न नहुने भन्दै उहाँले 'यौन व्यवसाय' वा 'यौनजन्य कार्यमा संलग्न व्यक्ति' जस्ता उपयुक्त शब्दावली प्रयोग गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले स्वेच्छाले यौन व्यवसायमा संलग्न हुने अवस्था र बाध्यतामा पारेर यौनजन्य गतिविधिमा लगाइने अवस्थालाई फरक रूपमा बुझ्नुपर्नेमा जोड दिनुभयो । जबर्जस्ती, शोषण र बाध्यताको अवस्थालाई छुट्टै सम्बोधन गर्ने शब्दावली कानुनमा आवश्यक रहेको उहाँको भनाइ थियो ।

विधेयकमा के छ ?

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकको दफा ३ को उपदफा ४ को खण्ड (ङ) मा 'शोषण' भन्नाले दास वा बाँधा बनाउने वा त्यस्तो हैसियतमा राख्ने, वेश्यावृत्तिमा लगाउने, विद्युतीय वा अन्य कुनै माध्यम प्रयोग गरी वा नगरी यौन शोषण गर्ने, प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा जबरजस्ती श्रममा लगाउने कार्य सम्झनु पर्छ । रासस

अनुमतिपत्र खारेज प्रक्रिया अघि बढाइने

काठमाण्डु । नेपाल दूरसञ्चार प्राधिकरणले लामो समयदेखि रोयल्टी, ग्रामीण दूरसञ्चार विकास कोष तथा त्यसमा लाग्ने थप दस्तुर र जरिवानासहितको बक्यौता रकम नतिर्ने दूरसञ्चार सेवा प्रदायकलाई १५ दिनभित्र रकम बुझाउन निर्देशन दिएको छ ।

प्राधिकरणले बक्यौता रकम नबुझाएका तथा अनुमतिपत्र नवीकरण नभएका सेवा प्रदायकलाई सार्वजनिक सूचना जारी गर्दै तोकिएको समयभित्र बक्यौता चुक्ता गरी त्यसको जानकारी प्राधिकरणलाई गराउन भनेको हो ।

प्राधिकरणका अनुसार सम्बन्धित सेवा प्रदायकले विगतका आर्थिक वर्षदेखि नेपाल सरकार तथा प्राधिकरणलाई नियमानुसार बुझाउनुपर्ने रोयल्टी, ग्रामीण दूरसञ्चार विकास कोषको रकम र त्यसमा लाग्ने थप दस्तुर तथा जरिवाना बुझाएका छैनन् ।

प्राधिकरणले १५ दिनभित्र बक्यौता रकम चुक्ता नगरेमा दूरसञ्चार ऐन, २०५३ को दफा २८ बमोजिम सम्बन्धित सेवा प्रदायकको अनुमतिपत्र खारेज गर्ने प्रक्रिया अघि बढाइने चेतावनी दिएको छ । साथै, बाँकी बक्यौता रकम प्रचलित कानुनबमोजिम असुल गरिने जनाएको छ ।

विभिन्न २० वटा इन्टरनेट सेवा प्रदायक कम्पनीले अनुमतिपत्र नवीकरण नगरेको प्राधिकरणले जनाएको



छ । अनुमतिपत्र नवीकरण नभएका सेवा प्रदायकको सूचीमा एलिसा कम्युनिकेसन लिङ्क, एरोनेट प्राली, ब्रोडलिङ्क नेटवर्क एण्ड कम्युनिकेसन लिमिटेड, क्लासिक टेक प्राइभेट लिमिटेड, कम्युनिकेसन एण्ड कम्युनिकेट नेपाल प्राइभेट लिमिटेड, एभरेस्ट वायरलेस नेटवर्क प्राइभेट लिमिटेड, जीआरएस लिङ्क इन्टरनेट सर्भिस प्राइभेट लिमिटेड, आइजोन प्राइभेट लिमिटेड, कालिका नेट, खप्तड नेट, कनेक्ट नेपाल नेटवर्क, मर्केन्टाइल कम्युनिकेसन, नेक्स्ट गिकर्स प्राइभेट लिमिटेड, नम्बर नेटवर्क, पोखरा इन्टरनेट, सांग्रिला इन्फर्मेटिक्स, सुपर सितापाइला केबल नेट, टेकमाइन्ड्स नेटवर्क लिमिटेड, अल्ट्रानेट कम्युनिकेसन र वेब सर्फर नेपाल कम्युनिकेसन सिस्टम रहेका छन् ।

त्यस्तै, विभिन्न नौ वटा कम्पनीलाई राजस्व बक्यौता तिर्न १५ दिनको समय दिइएको छ । बक्यौता रकम दाखिला गर्नुपर्ने यस्ता सेवा प्रदायकमा बेनी कम्युनिकेसन्स, ब्रोड ब्यान्ड नेपाल, फर्स्टलिङ्क कम्युनिकेसन्स, क्षितिश्वर नेटवर्क, लुम्बिनी म्याक्स डिजिटल केबल नेट, मेड इन्फो टेक, प्राइम नेटवर्क, सुबिसु लिमिटेड र युनिफाइड कम्युनिकेसन रहेका छन् ।

प्राधिकरणले यी सेवा प्रदायकलाई पनि १५ दिनभित्र बक्यौता रकम बुझाउन निर्देशन दिएको छ । तोकिएको अवधिमा रकम दाखिला नगरेमा अनुमतिपत्र खारेजी प्रक्रिया अघि बढाउने र कानुनअनुसार बाँकी रकम असुल गर्ने जनाएको छ ।

यसैबीच, प्राधिकरणले दूरसञ्चार सेवाका प्रयोगकर्तालाई सेवा खरिद तथा प्रयोग गर्दा प्राधिकरणबाट नियमानुसार अनुमतिपत्र नवीकरण भएका सेवा प्रदायकबाट मात्र सेवा लिन आग्रह गरेको छ । प्राधिकरणले सेवा प्रदायकको अनुमतिपत्रको अवस्था यकिन गरेर मात्र इन्टरनेट तथा अन्य दूरसञ्चार सेवा खरिद वा प्रयोग गर्न उपभोक्तालाई आग्रह गर्दै अनधिकृत वा नवीकरण नभएका सेवा प्रदायकबाट सेवा नलिन सचेत गराएको हो । रासस

टिपर चालक पक्राउ

टुडे समाचारदाता

लहान । मोटरसाइकल दुर्घटनामा परी सिरहाको मिर्चैयामा मृत्यु भएका युवकको घटनामा संलग्न रहेको आशंकामा प्रहरीले टिपरसहित चालकलाई पक्राउ गरेको छ ।

गत कात्तिक २० गते राति करिब १०:५० बजे मिर्चैया नगरपालिका-६ स्थित भोला बाबा पेट्रोल पम्प नजिक मोटरसाइकल र अर्को सवारीसाधन एकापसमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको थियो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मधेश प्रदेश २-०१-००२ प २६५३ नम्बरको



मोटरसाइकलमा सवार सर्लाहीको हरिवन नगरपालिका-११ घर भई हाल मिर्चैया नगरपालिका-६ बस्दै आएका सुरज कुमार साह दुर्घटनामा घाइते भएका थिए । उनलाई उपचारका लागि अस्पताल लगिए पनि उपचारकै क्रममा मृत्यु भएको थियो ।

प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालका अनुसार दुर्घटनापछि फरार रहेको सवारीसाधनको खोजी गर्ने क्रममा ना. ८ ख ५९५४ नम्बरको टिपर पहिचान भएको र खोजी गर्ने क्रममा चालक सिन्धुलीको फिक्कल गाउँपालिका-७ निवासी २६ वर्षीय सोमबहादुर दमाईलाई प्रहरीले कात्तिक ३० गते दिउँसो करिब ४ बजे उदयपुरको कटारी नगरपालिका-२ बाट नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयले पक्राउ परेका चालकलाई टिपरसहित इलाका प्रहरी कार्यालय मिर्चैया ल्याइएको र घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

नक्कली शैक्षिक प्रमाणपत्र पेस गर्नेमाथि आरोपपत्र दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक योग्यता पेश गरेको भन्दै राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत प्रमुख अनुसन्धान अधिकृत रामबाबुप्रसाद चौधरीविरुद्ध बिहीबार विशेष अदालत काठमाण्डुमा आरोपपत्र दायर गरेको छ ।

आयोगले अनुसन्धान अधिकृत चौधरीले चौधरीले सेवामा रहँदा बढुवा तथा पदस्थापनको प्रयोजनका लागि भारतको विहार इन्टरमिडिएट एजुकेसन काउन्सिलबाट



जारी भएको देखिने प्रवीणता प्रमाणपत्र तह (आईए) को लब्धांकपत्र, अस्थायी प्रमाण्पत्र (प्रोभिजनल), कलेज छोडेको पत्र (कलेज लिभिङ), चारित्रिक तथा माइग्रेसन (स्थानान्तरण प्रमाणपत्र) लगायत नक्कली प्रमाणपत्र पेश गरेको भन्दै आरोपपत्र दायर गरेको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार ती नक्कली प्रमाणपत्रका आधारमा रात्रपत्राङ्कित द्वितीय श्रेणी (प्रमुख अनुसन्धान अधिकृत) पदसम्म बढुवा भई राष्ट्रसेवकको ओहोदा, लाभ र सुविधा प्राप्त गरेको भन्दै आरोपपत्र दायर गरेको बताउनुभयो ।

चौधरीलाई सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफाको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको आयोगले जनाएको छ । रासस

एन्फामाथिको निलम्बन र प्रतिबन्ध फुकुवा

काठमाण्डु । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले अखिल नेपाल फुटबल संघ (एन्फा) माथिको निलम्बनसहित प्रशासनिक तथा आर्थिक प्रतिबन्ध हटाउने निर्णय गरेको छ ।

राखेपको कार्यकारी समितिले आज एन्फामाथि लगाइएका सम्पूर्ण प्रतिबन्ध फुकुवा गर्ने निर्णय गरेको हो । परिषद्ले निर्णय कार्यान्वयनमा आएसँगै एन्फामाथि लगाइएका प्रशासनिक र आर्थिक रोकावट पनि हटेको जनाएको छ ।

राखेपका सदस्यसचिव रामचरित्र मेहताले एन्फालाई सम्बोधन गरी पठाएको पत्रमार्फत प्रतिबन्ध फुकुवाको औपचारिक जानकारी दिनुभएको छ ।

पत्रमा एन्फाले गत अप्रिल ५ मा पठाएको पत्रमार्फत गरेको अनुरोध तथा परिषद्बाट यसअघि विभिन्न समयमा जारी गरिएका पत्राचारलाई आधार बनाएर निलम्बन र प्रतिबन्ध हटाइएको उल्लेख छ ।

पत्रमा भनिएको छ, "राष्ट्रिय खेलकुद परिषद्को निर्णयअनुसार एन्फामाथि लगाइएका निलम्बन तथा प्रतिबन्धहरू फुकुवा गरिएको जानकारी गराइन्छ । यससँगै एन्फामाथि लगाइएका सबै प्रशासनिक तथा आर्थिक प्रतिबन्ध पनि हटाइएको छ ।"

राखेपले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २ ९ को उपदफा (३) लाई आधार बनाएर प्रतिबन्ध फुकुवाको निर्णय गरेको पत्रमा उल्लेखक छ । रासस

दुई पूर्वमन्त्रीसहित ६ जना पक्राउ



टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशनमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले सरकारका दुई जना पूर्वश्रममन्त्रीसहित ६ जनालाई पक्राउ गरेको छ।

सीआईबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक अनुपमशमशेर जबराका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पत्र तथा विकास रानाभाट नाम गरेका व्यक्तिको समेत जाहेरीमा पूर्वश्रममन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर राय यादवलाई बुधबार पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा पूर्वमन्त्रीहरु कुँवर यादवसहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन सचिव विनोद केसी, सोही मन्त्रालयका तत्कालीन रोजगार व्यवस्थापन महाशाखा प्रमुख सह(सचिव उमेश ढुंगाना, राजिव पोखरेल, सोही महाशाखाका तत्कालीन कानुन अधिकृत उप(सचिव निर्मला गुरुङ रहेका छन्।

उनीहरलाई काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गर्ने अनुमति लिई आज बुधबार काठमाडौं, ललितपुर र सर्लाहीका विभिन्न स्थानबाट पक्राउ गरिएको सिआईबीले जनाएको छ।

सीआईबीले विकास रानाभाट समेतको जाहेरीले प्रतिवादी कैलाश खड्कासमेत भएको ठगी सम्बन्धी कसूर र तथा संगठित अपराध नियारण ऐन, २०७० अन्तरगतको कसूरमा मलेसिया सरकार र नेपाल सरकारबीच भएको सम्झौता (एमओयु) विपरित हुने गरी गैरकानुनी रुपमा ठगी गरी संकलन गरिएको रकममध्ये अमेरिकी डलर ८३ लाख ७० हजार ४३९, पाउन्ड स्टर्लिङ ३७ लाख १७ हजार ९८० सहित जम्मा १ अर्ब ६९ करोड, २ लाख २४ हजार २६ रुपैयाँ विदेशी मुद्रा अपचलन गराएको आरोप लगाइएको छ।

सिआईबी प्रवक्ता अनुप शम्शेर जबराद्वारा जारी विज्ञप्तिमा देशको अर्थतन्त्र प्रतिकूल हुने निर्णय गरी संगठित समूहको लाभको लागि जानी जानी आफ्नो पदीय जिम्मेवारी तथा कर्तव्य विपरित श्रमिकहरुलाई संगठीत रुपमा ठगी गर्ने कार्यमा मौन रही गैरकानुनी रुपमा संकलन भएको रकम मलेसिया पठाउने निर्णय गर्ने कार्यमा संलग्न रहेकोले उनीहरुलाई पक्राउ गरेको जनाइएको छ।

संगठित समूहको लाभका लागि जानीजानी आफ्नो पदीय जिम्मेवारी तथा कर्तव्यविपरीत श्रमिकहरूलाई संगठित रूपमा ठगी गर्ने कार्यमा मौन बसी, कानुनी उपचार नगरी वा नगराई सो गैरकानुनी रकम मलेसिया पठाउने निर्णयमा संलग्न रहेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरोले जनाएको छ।

यद्यपी सरकारका तत्कालिन मन्त्री, सचिव र अन्य कर्मचारीहरुको प्रत्यक्ष संलग्न नरहेको मलेसियामा नेपाली श्रमिक पठाउने नेपालका रोजगार व्यवसायी र मलेसियन रोजगारदाता कम्पनीसँग सम्झौतालाई प्रहरीले संगठीत ठगी भनेको गरेको दाबी कमजोर देखिन्छ।

मलेसिया सरकारको अनुमतिमा मलेसियन रोजगारदाता कम्पनीले नेपाली श्रमिकहरुसँग बायोमेट्रिक लगायत अन्य परिक्षणको नाममा लिएको शुल्कलाई नेपालीका मन्त्री र कर्मचारीमाथि लगाइएको आरोपको धरातल भने कमजोर देखिन्छ।

प्रधानमन्त्री शाहको भारत भ्रमणमा सर्लाही ग्यास पाइपलाइन उच्च प्राथमिकतामा

"हामीले मोतिहारीबाट सर्लाहीसम्म ग्यास पाइपलाइन, त्यहाँ भण्डारण गृह र एउटा सानो बोटलिङ प्लान्ट भारत सरकारको अनुदान सहयोगमा बनाइदिन भनेर लेखेर पठाएका छौं," कार्यकारी निर्देशक साहले भने, "इन्डियन आयल कर्पोरेसन (आईओसी) सँग समन्वय भइरहेको छ, यसको लागत मोटामोटी ११ अर्ब भारतीय रुपैयाँ (१७ अर्ब ६० करोड रुपैयाँ) अनुमान गरिएको छ ।"

टुडे समाचारदाता

जनकपुरधाम । मंसिर ७ देखि हुने प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहको तीन दिने भारत भ्रमणमा मोतिहारी-सर्लाही एलपीजी ग्यास पाइपलाइन निर्माणको एजेण्डा प्राथमिकताका साथ राखिने भएको छ।

भ्रमणमा इन्धन तथा खाना पकाउने एलपीजी ग्यास आपूर्ति प्रणाली सुरक्षित र आधुनिक बनाउने एजेन्डाले विशेष स्थान पाएको छ। मौजुदा मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाको दोस्रो चरण र त्यसलाई चितवनसम्म लम्ब्याउने विषयसँगै मोतिहारी-सर्लाही एलपीजी ग्यास पाइपलाइन निर्माण प्राथमिकता दिइएको छ।

नेपालमा ग्यास आयात गर्न नेपालीको स्वामित्वमा एउटा पनि बुलेट छैन । त्यसो हुँदा भारतकै सवारीसाधनमा भर पर्नुपरेको छ, जसमा ढुवानी शुल्कबापत मात्रै बर्सेनि ६ अर्ब रुपैयाँभन्दा धेरै रकम बाहिरिन्छ।

अर्कातर्फ, विकट भूगोल र राजमार्गमा आइरहने अवरोधले आपूर्ति प्रणाली नै खल्बलिने गरेको छ । यस्तो समस्या समाधान गर्न कम्तीमा एक महिनाको खपत धान्ने भण्डारण स्थल अनिवार्य भएको निष्कर्षमा नेपाल आयल निगमको छ।

ग्यासको आवश्यक भण्डारण परियोजना कार्यान्वयनका निम्ति सर्लाहीमा निगम स्वामित्वमा रहेको १४ बिघा जमिन तयारी अवस्थामा छ। प्राविधिक अध्ययन प्रतिवेदनले सोही स्थानमा १५ हजार टन अट्ने तीन वटा विशाल ट्याङ्की सहित एकै पटक आठ वटा बुलेट भर्न र खाली गर्न मिल्ने आधुनिक टर्मिनल बनाउने खाका कोरेको छ।

यसै अन्तर्गत सर्लाहीमै दैनिक १५ हजार सिलिन्डर रिफिल क्षमताको बोटलिङ प्लान्ट स्थापना गर्ने तयारी निगमको छ । संकट वा आपत्कालीन परिस्थिति सिर्जना हुँदा मुलुकको कुल खपतको १५ प्रतिशत ग्यास निगम आफैंले आपूर्ति गर्न सक्ने क्षमता तयार पार्ने उद्देश्यले उक्त प्लान्ट बनाउन खोजिएको हो ।



निगमका कार्यकारी निर्देशक नागेन्द्र साहका अनुसार यो समग्र परियोजना भारत सरकारको अनुदान सहयोगमा निर्माण गरिदिन आग्रह गर्दै मन्त्रालय मार्फत पत्राचार गरिएको छ।

'हामीले मोतिहारीबाट सर्लाहीसम्म ग्यास पाइपलाइन, त्यहाँ भण्डारण गृह र एउटा सानो बोटलिङ प्लान्ट भारत सरकारको अनुदान सहयोगमा बनाइदिन भनेर लेखेर पठाएका छौं,' कार्यकारी निर्देशक साहले भने, 'इन्डियन आयल कर्पोरेसन (आईओसी) सँग समन्वय भइरहेको छ, यसको लागत मोटामोटी ११ अर्ब भारतीय रुपैयाँ (१७ अर्ब ६० करोड रुपैयाँ) अनुमान गरिएको छ।'

उनका अनुसार यसमा निरन्तर प्रयास भइरहेको र मन्त्रालयमा संवाद गरिरहेको उनले बताए । 'यो दुई देशबीचको विषय भएकाले उद्योग मन्त्रालय, परराष्ट्र मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तहबाटै अन्तिम एजेन्डा टुंगिने क्रममा छ,' उनले थपे ।

यसका साथै भ्रमणको क्रममा व्यापार तथा पारवहन सहजीकरण, सीमा पूर्वाधार र ऊर्जा आपूर्तिलाई मुख्य आर्थिक एजेन्डा बनाइने तयारी गरिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले व्यापार सन्धि पुनरावलोकन, गैरभन्सार अवरोध अन्त्य, अतिरिक्त समुद्री बन्दरगाह, सुक्खा बन्दरगाह शिलान्यास, एकीकृत जाँच चौकी (आईसीपी) उद्घाटन तथा पेट्रोलियम र ग्यास पाइपलाइन विस्तारसम्मका प्रस्ताव तयार पारेर परराष्ट्र मन्त्रालयमा पठाइसकेको बुझिएको छ।

मन्त्रालयका सहसचिव एवं द्विपक्षीय तथा बहुपक्षीय व्यापार महाशाखा प्रमुख बुद्धबहादुर गुरुङका अनुसार वाणिज्य क्षेत्रसँग जोडिएका समग्र विषय समेटेर आधिकारिक रूपमै परराष्ट्र मन्त्रालयमा पत्राचार गरिएको छ।

सिमेन्ट, प्लाइउड, जुत्ताचप्पलका साथै जुट, चिया र अलैंचीजस्ता नेपाली निर्यातजन्य वस्तुले भारत प्रवेशमा लामो समयदेखि अवरोध झेल्दै आएका छन् । भारतीय गुणस्तर मापदण्ड 'ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड्स' (बीआईएस) को प्रमाणपत्र प्राप्त गर्न हुने ढिलासुस्ती र झन्झटिलो प्रक्रियाका कारण यस्ता उत्पादन नाकामै अड्किदै आएको छ।

कूटनीतिक पहल मार्फत यी प्राविधिक तथा गैरभन्सार अवरोध स्थायी रूपमै पन्छाउने र नेपाल-भारत व्यापार सन्धि पुनरावलोकन गर्न मन्त्रालयले प्रस्ताव पठाएको हो । साथै, तेस्रो मुलुकसँगको व्यापारका लागि भारतसँग थप दुई समुद्री बन्दरगाह धाम्रा र मुन्द्रा उपलब्ध गराउनुपर्ने माग पनि एजेन्डामा राखिएको छ।

'यसमा व्यापार सन्धि पुनरावलोकनदेखि लिएर जुटमा आएको अवरोध, बीआईएस लगायत पटक-पटक देखिने विभिन्न किसिमका व्यापार अवरोधका विषय समेटेर पठाएका छौं,' सहसचिव गुरुङले भने, 'अर्को महत्त्वपूर्ण विषय भनेको हामीले अहिले प्रयोग गरिरहेको कोलकाता र विशाखापट्नम बाहेक अन्य बन्दरगाहको पनि माग गरेका छौं ।'

नेपाल-भारत व्यापारका लागि नेपालले महाकालीमाथि चार लेनको पुल र ६ लेनको पहुँचमार्ग तयार पारिसकेको छ भने भारतीय भूभागमा पनि सिमानासम्म सडक विस्तार गर्ने काम धमाधम भइरहेको छ । नेपाल, भारत र चीन जोड्ने त्रिदेशीय व्यापारिक द्वारका रूपमा समेत यो आयोजनालाई हेरिएको छ।

धनुषाका चन्दन काठमाडौंबाट बेपता



टुडे समाचारदाता

जनकपुरधाम । काठमाडौंस्थित सेन्ट जेभियर्स कलेजमा अध्ययनरत धनुषाको शहीदनगर नगरपालिका-२, मतौनाका १८ वर्षीय चन्दन यादव काठमाडौबाटै बेपत्ता भएका छन्।

बुधबार बिहानदेखि परिवारकोसम्पर्कमानआएपछि आफन्तले खोजीका लागि अपिल गरेका छन्। चन्दनका मामा सरोज यादवका अनुसार पर्व मनाउन घर आएका चन्दन पर्व सकिएपछि बुधबार बिहान करिब ६:१५ बजे काठमाडौं फर्किएका थिए।

बसबाट ओर्लिएपछि बालकुमारी पुल क्षेत्रबाट ट्याक्सी चढेर शान्तिनगरस्थित आफ्नो कोठातर्फ जाने क्रममा उनी बेपत्ता भएको उनले बताए।

ट्याक्सी चढ्नुअघि उनले आफ्ना भिनाजुसँग फोनमा कुराकानी गरेका थिए। त्यसपछि करिब १० मिनेटमा कोठा पुग्नुपर्ने भए पनि उनी कोठामा नपुगेको र त्यसयता परिवारसँग सम्पर्कविहीन रहेको मामा सरोजले बताए।

चन्दनको खोजीका लागि बुधबार नै प्रहरीमा जानकारी गराएका छन्। तर, अहिलेसम्म उनी चढेको ट्याक्सी, चालक वा उनको अवस्थाबारे कुनै ठोस जानकारी प्राप्त हुन नसकेको परिवारको भनाइ छ।

सरकारको उच्च प्राथमिकतामा मधेशको विकास

टुडे समाचारदाता

जनकपुरधाम । भौतिक पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले वर्तमान सरकार मधेश प्रदेशको समग्र विकासलाई उच्च प्राथमिकतामा राखेको बताएका छन्।



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जनकपुरधाम नगर कमिटीद्वारा आयोजित भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री लम्सालले मन्त्री लम्साल चालु आर्थिक वर्षमा संघीय सरकारले भौतिक पूर्वाधार पूर्वाधार क्षेत्रमा मधेश प्रदेशका लागि देशकै सबैभन्दा बढी बजेट विनियोजन गरिएको दाबी गरे । मधेशको विकासका लागि सरकारले योजनाबद्ध रूपमा काम अघि बढाइरहेको उल्लेख गर्दै उनले सङ्घीय सडकअन्तर्गतका ठेक्का प्रक्रिया क्रमशः अगाडि बढिरहेको बताए।

विकासका लागि मधेश प्रदेशमा करिब ५० अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको जानकारी समेत दिए।

उनले मधेशमा सडक, पुल, भवन तथा खानेपानी लगायतका

लामो समयदेखि अधुरा रहेका कमला पुलसहित हुलाकी राजमार्गका विभिन्न पुलहरूको निर्माण सम्पन्न गर्ने सरकारको योजना रहेको उनको भनाइ थियो।

कार्यक्रममा उनले निर्माण क्षेत्रमा कार्यरत श्रमिकमध्ये ७० प्रतिशतभन्दा बढी मधेश प्रदेशका रहेको उल्लेख गर्दै सरकारले श्रमिकको पारिश्रमिक वृद्धि गर्ने निर्णयबाट यस प्रदेशका श्रमिक सबैभन्दा बढी लाभान्वित हुने दाबी गरे।

मन्त्री लम्सालले पार्टीका नेता तथा कार्यकर्तालाई आगामी स्थानीय तह निर्वाचनलाई लक्षित गरी अनुशासित, व्यवस्थित र योजनाबद्ध रूपमा संगठन विस्तार तथा राजनीतिक गतिविधिमा सक्रिय हुनसमेत निर्देशनसमेत दिए । कार्यक्रममा रास्वपाका स्थानीय नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

स्कूटर दुर्घटनामा दुईजनाको मृत्यु



टुडे समाचारदाता

रौटहट । रौतहटमा स्कुटर अनियन्त्रित भई पुलमा ठोक्किँदा दुई जना किशोरको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएको छ।

हालका राजदेवी नगरपालिका-१ मोतिपुरस्थित भुनखुनवाबाट मोतिपुरतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-०४२ प १४२९ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई पुलमा ठोक्किएर दुर्घटना भएको हो।

दुर्घटनामा यमुनामाई नगरपालिका-५ जमुआ टोल निवासी १८ वर्षीय अनिकेत पासवान र १६ वर्षीय प्रिन्स पासवानको मृत्यु भएको छ। दुवै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल गौर पुऱ्याइएकोमा चिकित्सकले अपराह्न साढे ४ बजे मृत घोषणा गरेका थिए।

त्यस्तै, रौतहट यमुनामाई नगरपालिका-५ भुनखुन्वा निवासी १५ वर्षीय आकाश पासवान र भारतको सीतामढी जिल्ला भकुरुहर ग्राम निवासी १७ वर्षीय सुनिल पासवान घाइते भएका छन्।

घाइते आकाशको प्रादेशिक अस्पताल गौरमा उपचार भइरहेको छ भने टाउकोमा चोट लागेका सुनिललाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि वीरगञ्ज पठाइएको छ। दुवै घाइतेको अवस्था मध्यम रहेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

जसपा नेपालका १८ जनप्रतिनिधिको पद रिक्त

टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका १८ जना स्थानीय तहका जनप्रतिनिधिको पद रिक्त भएको छ।

पार्टीको नीति, सिद्धान्त तथा निर्णयविपरीत कार्य गरी दल त्याग गरेको ठहर गर्दै निर्वाचन आयोगले उनीहरूको निर्वाचित पद स्वतः रिक्त भएको जनाएको हो। निर्वाचन आयोगले सार्वजनिक गरेको सूचना अनुसार जसपा नेपालको केन्द्रीय समन्वय समितिको निर्णयसहित प्राप्त जानकारीका आधारमा आयोगले पद रिक्त हुने निर्णय गरेको हो।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (१) तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ बमोजिम दल त्यागसम्बन्धी निर्णय गरी आयोगलाई जानकारी गराइएको थियो । सोही कानुनी व्यवस्थाअनुसार आयोगले सम्बन्धित जनप्रतिनिधिहरूको पद स्वतः रिक्त भएको सूचना प्रकाशित गरेको हो।

पद रिक्त हुनेमा मधेश



प्रदेशका पाँच र कोशी प्रदेशका १३ जना जनप्रतिनिधि रहेका छन्। मधेश प्रदेशअन्तर्गत सिरहाका तीन र पर्साका दुई जना जनप्रतिनिधि छन्।

सिरहाको लहान नगरपालिकाका उपप्रमुख राम चरितर महतो, सखुवानान्कारकट्टी गाउँपालिका-४ का वडाध्यक्ष रमेश कुमार यादव र धनगढीमाई नगरपालिका-७ का वडाध्यक्ष विजय कुमार महतोको पद रिक्त भएको छ।

त्यस्तै, पर्साको कालिकामाई गाउँपालिका-१ का वडाध्यक्ष लालबाबु राउत बरै र वडा नम्बर ३ का वडाध्यक्ष संजय कुमार पटेलको पदसमेत रिक्त भएको आयोगले जनाएको छ।

यस्तै, कोशी प्रदेशका खोटाङ, भोजपुर, उदयपुर, इलाम र सुनसरी जिल्लाका १३ जना जनप्रतिनिधिको पद रिक्त भएको छ। खोटाङका जिल्ला समन्वय समिति प्रमुख सन बहादुर राई, केपिलासगढी गाउँपालिकाका उपाध्यक्ष गुरु राज राई तथा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका विभिन्न पदमा निर्वाचित सात जना जनप्रतिनिधिको पद रिक्त भएको छ।

यसैगरी भोजपुरको टेम्केमैयुङ गाउँपालिका-२ का वडाध्यक्ष बाल चन्द्र राई, उदयपुरको लिम्चुङबुङ गाउँपालिकाका वडाध्यक्ष छत्र बहादुर राई, इलामको माङसेबुङ गाउँपालिकाकी उपाध्यक्ष विनोद कुमार नेम्वाङ्ग र सन्दकपुर गाउँपालिका-४ का वडाध्यक्ष ढाल बहादुर गुरुङ्ग तथा सुनसरीको कोशी गाउँपालिका-६ का वडाध्यक्ष जुडिलाल कौडगियाको पदसमेत रिक्त भएको छ।

आयोगले राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ को उपनियम (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरेको जनाएको छ।

जनकपुरधाममा प्यानको तेस्रो राष्ट्रिय सम्मेलन शुरु

टुडे समाचारदाता

जनकपुरधाम । प्रिन्सिपल्स एसोसिएसन अफ नेपाल (प्यान) को तेस्रो राष्ट्रिय सम्मेलन शुक्रबारदेखि जनकपुरधाममा शुरु भएको छ। सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको प्यान मधेश प्रदेशका अध्यक्ष संजयकुमार झाले जानकारी दिएका छन्।

जनकपुरधाममा बिहीबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष झाले शिक्षा क्षेत्रको नीतिगत सुधार, विद्यालय नेतृत्व विकास तथा नवप्रवर्तनलाई केन्द्रमा राखेर सम्मेलन आयोजना गरिएको बताए । सम्मेलनमा देशभरका विद्यालय प्रमुख, शिक्षाविद्, नीति निर्माता, सांसद तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरूको सहभागिता रहनेछ।

'हामी सबै मिलेर उत्कृष्ट विद्यालय निर्माण गरौं' भन्ने मूल नारासहित आयोजना गरिएको सम्मेलनले नेपालको विद्यालय



शिक्षाको गुणस्तर अभिवृद्धि, शैक्षिक नेतृत्व सुदृढीकरण र प्रविधिमैत्री शिक्षण प्रणालीको विकासका विषयमा छलफल गर्ने लक्ष्य लिएको छ।

सो सम्मेलनको दोस्रो दिन शनिबार नीतिगत सुधार, नेतृत्व विकास र नवप्रवर्तनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन हुनेछन् । कार्यक्रममा 'नीतिगत सुधारमार्फत उत्कृष्ट विद्यालय निर्माण' विषयमा राष्ट्रिय संसदीय गोलमेच छलफल आयोजना गरिनेछ । छलफलमा विभिन्न राजनीतिक दलका सांसद तथा शिक्षाविद्हरू सहभागी हुनेछन् । डा. विद्यानाथ कोइराला, डा. महाश्रम शर्मा र डा. प्रीति मण्डलले छलफलको सहजीकरण गर्नेछन् ।

त्यसपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रमुख सल्लाहकार शैलेन्द्र झाले 'उत्कृष्ट विद्यालयका लागि राष्ट्रिय दृष्टिकोण' विषयमा प्रस्तुति दिनेछन् । यस सत्रमा विद्यालय शिक्षाको वर्तमान अवस्था, चुनौती र सम्भावनाबारे विमर्श हुनेछ।

त्यसपछि आठवटा विषयगत समानान्तर सत्र सञ्चालन गरिनेछन् । विद्यालय सुरक्षा, जलवायुमैत्री शिक्षा, नेतृत्व विकास, कृत्रिम बुद्धिमत्ताको प्रयोग, आधारभूत गणित तथा साक्षरता सुधार, विद्यार्थी सहभागिता, डिजिटल कक्षाकोठा, रोबोटिक्स र विपद् व्यवस्थापनलगायत विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्नेछन् । सत्रहरूमा युनेस्को, जाइका, अमेरिकी दूतावासको क्षेत्रीय अंग्रेजी भाषा कार्यालयलगायत संस्थाका प्रतिनिधि तथा विभिन्न शिक्षाविद् र प्राविधिक विज्ञहरूको सहभागिता रहने उनले जनाए । सार्वजनिक र निजी विद्यालयबीच सहकार्य तथा अनुभव आदानप्रदानका लागि विशेष गोलमेच छलफलसमेत आयोजना गरिनेछ।

शनिबार दिउँसो सम्मेलनको समापन सत्रपछि प्यानको राष्ट्रिय परिषद् बैठक बस्नेछ। बैठकमा संगठनको भावी रणनीति, नीतिगत प्राथमिकता, कार्ययोजना तथा संस्थागत सुदृढीकरणबारे छलफल हुनेछ । सम्मेलनको अन्तिम दिन आइतबार 'जनकपुर घोषणापत्र' सार्वजनिक गरिनेछ। घोषणापत्रमा विद्यालय शिक्षा सुधारका लागि सामूहिक प्रतिबद्धता, नीतिगत सुझाव र कार्यान्वयनयोग्य प्राथमिकता समेटिने प्यान मधेश प्रदेशका अध्यक्षका झाले बताए।

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८